प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
(सामाजिक विकास महाशाखा)
बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८
चलानी नं.: 382

मितिः २०७७।५।२४

श्री सबै १०९ पालिकाहरु
प्रदेश नं. ५

विषयः निवन्ध प्रतियोगिता बारे ।

प्रस्तुत् विषयमा राष्ट्रिय बालदिवस २०७७ भाद्र २९ गतेका दिन " **विपदमा बाल अधिकारको सुनिश्चितता : हामी सबैको साझा प्रतिबद्धता** "भन्ने राष्ट्रिय नाराका साथ मनाउने सन्दर्भमा सामाजिक विकास मन्त्रालय प्रदेश नं ५ को आयोजनामा हुन गईरहेकोले यस प्रदेश भित्रका विद्यालयका कक्षा १० सम्मका इच्छुक सबै बालवालिकाहरुको सहभागिता रहने प्रदेश स्तरीय खुला निवन्ध प्रतियोगितामा आ-आफ्ना पालिका भित्रका विद्यालयका विद्यार्थीहरुलाई सहभागि गराईदिने व्यवस्थाका लागि अनुरोध छ ।

मित्र प्रसाद गौतम
शाखा अधिकृत

**प्रतियोगिता सम्वन्धी नियमहरु**

**निबन्धको शिर्षकः वन्दावन्दीमा सिकाईका सम्भावना र अवसरहरु**

१. निवन्ध १५०० शब्दमा नबढ्ने गरि लेखिएको हुनु पर्ने ।
२. निवन्ध लेख्ने विद्यार्थीको नामथर, विद्यालय, कक्षा स्पष्ट खुलेको हुनु पर्ने छ ।
३. निवन्ध विद्यार्थीको हस्तलिखित हुनु पर्ने र सम्बन्धित विद्यालयले विद्यालयको छाप लगाई प्रमाणित गरि पठाउनु पर्ने छ ।
४. निवन्ध २०७७।५।२८ गते विहान ११ बजे सम्म यस मन्त्रालयको इमेल mosdfive@gmail.com मा वा सोझै मन्त्रालयमा पठाउन सकिने छ ।
५. प्राप्त निवन्धहरु मूल्याङ्कन गरि २०७७।५।२९ गते नतिजा प्रकाशित हुने छ साथै छनौट सम्बन्धी निर्णय गर्ने अधिकार मन्त्रालयलाई रहने छ ।
६. पुरस्कार सम्बन्धी व्यवस्था तपसील बमोजिम रहेको छ।
   - प्रथम पुरस्कार एक जना रु.१५०००।– र प्रमाणपत्र
   - द्वितीय पुरस्कार एक जना रु.१००००।– र प्रमाणपत्र
   - तृतीय पुरस्कार एक जना रु. ७०००।– र प्रमाणपत्र
   - सान्त्वना पुरस्कार नौ जना जनही रु.२०००।– र प्रमाणपत्र